
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज ५ गते बुधबार ❑ 21 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मुस्ताङ शिखर सम्मेलनले अन्तर्राष्ट्रियस्तरमा महत्वपूर्ण भूमिका खेल्ने छ : प्रधानमन्त्री देउवा

**रासस**
**जोमसोम, ४ असोज**

प्रधानमन्त्री शेरबहादुर देउवाले मंगलबारदेखि सुरु भएको मुस्ताङ शिखर सम्मेलनले नेपालमा मात्र नभई अन्तर ष्ट्रियस्तरमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ।

वन तथा वातावरण मन्त्रालयको आयोजनमा मङ्गलबारदेखि सुरु भएको अन्तर ष्ट्रिय दिगो पर्वतीय विकास वर्ष २०२२ मुस्ताङ पैरवी सम्मेलनलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्नुहुँदै भन्नुभयो, "कोप-२७ को सम्मेलन इजिप्टमा हुँदैछ, त्यसका लागि मुस्ताङ शिखर सम्मेलन फलदायी रहनेछ, यो सम्मेलनले अन्तर्राष्ट्रियस्तरमा महत्वपूर्ण भूमिका खेल्ने मैले विश्वास लिएको छु ।" उहाँले मुस्ताङमा सोही कार्यक्रमअन्तर्गतको दोस्रो पटक शिखर सम्मेलन उद्घाटन गर्न पाउँदा आफू निकै खुसी भएको बताउनुभयो। प्रधानमन्त्री देउवाले दिगो पर्वतीय विकास वर्षअन्तर्गत शिखर सम्मेलनका लागि नेपाली जनताको तर्फबाट संयुक्त राष्ट्रसङ्घलगायतलाई धन्यवादसमेत व्यक्त गर्नुभएको थियो । नेपालजस्तो पर्वतीय जैविक विविधता, संस्कृति,



विभिन्न क्षेत्रको आर्थिक प्रणाली, वनस्पति, वन्यजन्तुलगायतमा चुनौती र अवसरलाई प्राथमिकीकरण गर्ने अवसर यो शिखर सम्मेलनले प्रदान गर्नेमा आफू आशावादी रहेकोसमेत प्रधानमन्त्री देउवाले विश्वास व्यक्त गर्नुभयो।

उहाँले पर्वतीय हिमाल हिउँले भरिएको प्राकृतिक धरोहर मात्र नभई समग्र एक अर्ब जनसङ्ख्यालाई पानी सिञ्चित गर्न आधारस्तम्भ भएको समेत उल्लेख गर्नुभयो। धौलागिरि क्षेत्रमा थुप्रै समस्या र चुनौती विद्यमान रहेको उल्लेख गर्नुहुँदै प्रधानमन्त्री देउवाले भन्नुभयो, "जलवायु परिवर्तन, जैविक विविधतामा क्षति, भूक्षयीकरण, प्रदूषण, गरिबी र असमानताजस्ता समस्यालाई तुरुन्तै सम्बोधन गर्न आवश्यक रहेको छ ।" यसैगरी गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले पर्वतीय अर्थतन्त्र, जैविक विविधता, पारिस्थितिक प्रणाली, पर्वतीय संस्कृति, पर्वतीय महिला र हिमाल अनि तल्लो तटीय क्षेत्रको सम्बन्धजस्ता महत्वपूर्ण विषयमा विद्यमान समस्या रहेको बताउनुभयो। उक्त सम्मेलनमा निवर्तमान सङ्घीय सांसद प्रेमप्रसाद तुलाचन, गण्डकी प्रदेशका वन तथा वातावरणमन्त्री दीपक थापा, राष्ट्रिय योजना आयोगका सदस्य सलोनीसिंह प्रधान, प्रधानमन्त्रीका वातावरणीय सल्लाहकार माधव कार्की, पूर्वउपसभामुख पूर्णकुमारी सुवेदी, एफएओ प्रमुख डा केन सिभिज र वन तथा वातावरण मन्त्रालयका सहसचिव डा सिन्धुप्रसाद ढुङ्गानालगायतले जलवायु परिवर्तनका कारण पर्वतीय क्षेत्रमा पारेको प्रभाव र त्यसको दीर्घकालीन वैज्ञानिक निकास र समाधान खोज्न आवश्यक रहेको बताउनुभएको थियो।

विश्वमै चिन्ताको विषय बनेको जलवायु परिवर्तनको असर, त्यसले वातावरणीय तथा विभिन्न क्षेत्रमा पारेको प्रभाव र त्यसको न्यूनीकरण तथा दीर्घकालीन अनुकूलनसम्बन्धी निकासको मार्ग पहिल्याउँदै मुस्ताङ पर्वतीय घोषणा जारी गर्ने तयारी भइरहेको वन तथा वातावरण मन्त्रालयले जनाएको छ । वन तथा वातावरण मन्त्रालयले आयोजना गरेको उक्त सम्मेलनमा डीसीए, एफएओ, इसिमोड, आइयुसीएन र किर्डाक, एनटीएनसी, युकाईर्ड, युएनडीपी र डब्लुडब्लुएफलगायतका संस्थाले सहयोग गरेका छन्। आजदेखि सुरु भएको उक्त सम्मेलन दुई दिनसम्म सञ्चालन हुनेछ । सम्मेलनले बुधबार मुस्ताङ पर्वतीय घोषणा जारी गर्ने भएको छ।

## एटिएम मेसिन फुटाउँदै गरेको आरोपमा एक पक्राउ

**पोखरापत्र संवाददाता**
**लेखनाथ, ४ असोज**

पोखराको लेखनाथस्थित अर्घौं चोकमा एटिएम मेसिन फुटाएर पैसा निकालेर भागेका एक युवा समातिएको एक महिना नपुग्दै सोमबार राति पोखराको लेकसाइडमा एटिएम मेसिन फुटाउँदै गरेको आरोपमा एक युवा पक्राउ परेका छन्।

पोखरा-६ बैदामस्थित बाराही चोकको एनएमबी बैंकको एटिएम मेसिन फुटाउँदै गरेको आरोपमा धादिङ जिल्ला त्रिपुरा सुन्दरी गाउँपालिका-५ सल्यानटार घर भई पोखराको बगालेटोलमा बस्दै आएका २५ वर्षीय मनोज कुमाललाई कास्की प्रहरीले पक्राउ गरेको हो। वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले कुमाललाई एटिएम फुटाउँदै गरेको अवस्थामा एक थान खुकुरीसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता ज्ञान खड्काले जानकारी दिनुभयो । कुमाललाई जिल्ला अदालत कास्कीबाट म्यादथप गरी घटनाका बारेमा प्रहरीले थप अनुसन्धान सुरु गरेको छ।

त्यसैगरी सोमबार दिउँसो पोखराको नयाँबजारस्थित कृषि विकास बैंकको एटिएम मेसिनभित्र लामो समयसम्म एटिएम मेसिन चलाइराखेको अवस्थामा उजुरी परेपछि प्रहरीले दुई युवालाई पक्राउ गरेको छ तर उनीहरूको साथबाट भने कुनै हतियार फेला नपरेको कास्की प्रहरीले जनाएको छ । ती दुई युवाका बारेमा पनि प्रहरीले अनुसन्धान सुरु गरेको छ।

## १५ वर्षपछि पर्यटन व्यवस्थापन समिति घान्द्रुकमा नयाँ नेतृत्व, अध्यक्षमा विक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असोज**

पर्यटन व्यवस्थापन समिति घान्द्रुकले १५ वर्षपछि नयाँ नेतृत्व पाएको छ।

अन्नपूर्ण गाउँपालिका १०/११ घान्द्रुकमा मंगलबार भएको प्रथम अधिवेशनले विक्रम गुरुङलाई नयाँ नेतृत्वमा चयन गरेको हो।



गुरुङको अध्यक्षतामा १५ सदस्य कार्यसमिति सर्वसम्मत चयन गरेको स्थानीय युवा व्यवसायी तथा समाजसेवी अमृत लामा गुरुङले जानकारी दिए । उनका अनुसार सो समितिको उपाध्यक्षमा थमबहादुर विश्वकर्मा, सचिवमा माया पुन थापा, सह-सचिवमा अर्जुन क्षेत्री र कोषाध्यक्षमा कृष्णप्रसाद गुरुङ चयन भए। यसैगरि सदस्यहरुमा रामकुमारी दर्जी, मनोज गुरुङ, रोविन गुरुङ, जयप्रसाद गुरुङ, धनबहादुर क्षेत्री, कृष्णबहादुर गुरुङ, ईश्वर गुरुङ, विनोद सुनार, कोमल बहादुर गुरुङ र अक्षा रसाईली रहेकी छिन्।

सो कार्यक्रममा बोल्दै निवर्तनमान अध्यक्षसमेत रहेका अग्रज पर्यटन व्यवसायी किसम गुरुङले १५ वर्षसम्म घान्द्रुकको पर्यटन प्रवर्द्धनमा निरन्तर लागेको बताए। उनले आगामी दिनमासमेत घान्द्रुकको विकास र पर्यटन प्रवर्द्धनको पक्षमा लाग्ने धारणा राखे । 'घान्द्रुक पर्यटकको रोजाईको केन्द्रबिन्दु हो, म लगायत समितिले गर्न सक्ने पूर्वाधार विकासमा केही काम गर्न सक्यौ, उनले भने, 'अझै घान्द्रुकको थप विकासमा सबैको हातेमालोले आवश्यक छ।' कास्कीको उत्तरी भेगमा पर्ने पर्यटकीय घान्द्रुक गाँउ हुदैं अन्नपूर्ण आधार शिविर, पुन हिल, घोडेपानी, टाडापानी लगायतको स्थानमा शाहसिक पदयात्रामा जान सकिन्छ । ढुंगेली गाउँ भनेर लोकप्रिय रहेको घान्द्रुक आन्तरिर बाह्य पर्यटकको रोजाई बन्दै आएको छ।

## 'सन्तापको धून' को परिचर्चा पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असोज**

कथाकार डा अशोक थापाको कथा सङ्ग्रह 'सन्तापको धून' को पोखरामा परिचर्चा गरिएको छ ।पोखरेली साहित्यकारको संस्था पुछारसिटे अभियानद्वारा आयोजित परिचर्चाका सहभागीले सन्तापको धूनमा सङ्गृहीत कथाले नेपाली समाजको चित्रण गरेको बताउनुभयो।

साहित्यकार सरुभक्तले कुनै पनि साहित्यकारको कृति प्रकाशित भइसकेपछि उक्त लेखक अभियुक्तका रूपमा उभिने, अधिवक्ताकारूपमापाठकलेविभिन्न बहस गर्ने र समालोचकले फैसला गर्ने बताउनुभयो । समालोचकले नजिक र टाढाको लेखकलाई हेरेर कसैलाई गाली बर्साउने त कसैलाई देवत्वकरण गर्ने गरेको वर्तमानलाई सङ्केत गर्दै उहाँले समालोचकले पछिल्लो समय न्यायाधीशको झैं निष्पक्ष भूमिका निर्वाह गर्न नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो ।समालोचकले आफ्नो कार्यमाथि पनि समालोचना हुन्छ भन्ने सत्यलाई सधैं आत्मसात् गर्दै कृतिमाथि निष्पक्ष दृष्टिकोण प्रस्तुत गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । पुस्तकमाथि समीक्षा गर्दै प्रा डा रामचन्द्र पोखरेलले लेखकले नेपाली समाजको आफ्नो युगको यथार्थ चित्र प्रभावकारी ढङ्गबाट प्रस्तुत गरेको बताउनुभयो । पुस्तकले मानवीय संवेदनालाई स्पर्श गर्दै नवीनता पस्कन सकेको भन्दै उहाँले प्रशंसा गर्नुभयो । आख्यानकार गनेस पौडेलले लेखनशैलीले आफूलाई प्रभावित तुल्याएको कृतिमा नेपाली कथाको किस्सा शैलीलाई कलात्मकरूपमा प्रस्तुत गरिएको बताउनुभयो । कथामा समालोचकीय व्यक्तित्वको प्रभावले कथानकमा असर परेको भन्दै उहाँले आगामी कृतिमा त्यसलाई कम गर्न सुझाव दिनुभयो।

समीक्षक रीता अधिकारीले पुस्तकमा आमाको कथा, पुरुष सत्ताको हैकम आदि विषयलाई निकै मर्मस्पर्शी ढङ्गबाट उठाइएको बताउनुभयो । नारीले भोग्ने पीडा, नारीमाथिका विभेद, विद्यालयीय प्रेमलगायतका सन्दर्भलाई सुन्दर भाषामा कथामा प्रस्तुत गरिएकाले कृति पठनीय बनेको उहाँले बताउनुभयो।

लेखक थापाले पहिले ठूलाठूला विषय खोज्दै हिँड्दा लामो समयसम्म साहित्य सिर्जना गर्न नसकेको अनुभव सुनाउनुभयो। 'सन्तापको धून' कथा सङ्ग्रहको प्रकाशक संस्था पेज टर्नरका प्रबन्ध निर्देशक भरत पौडेलले प्रकाशनका क्षेत्रमा बामे सर्दै गरेको संस्थाले सुन्दर कृतिलाई पहिलो कृतिका रूपमा पस्कन पाएकोमा खुसी व्यक्त गर्नुभयो। कार्यक्रममा पुछारसिटे अभियानका तर्फबाट सुरज उपाध्याय, सन्दीप अधिकारी र सञ्जीव पौडेलले सन्तापको धून नेपाली कथाका क्षेत्रमा अर्को महत्वपूर्ण सम्पत्तिका रूपमा रहेको धारणा राख्नुभयो।

## न्यायालयलाई विवादमा मुछ्नु अनुचित : अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
**पर्वत, ४ असोज**

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले स्वतन्त्र न्यायालयलाई विवादमा मुछ्नु अनुचित भएको बताउनुभएको छ । जिल्ला समन्वय समिति पर्वतको नवनिर्मित भवनको आज उद्घाटन गर्दै अध्यक्ष तिमिल्सिनाले संसद्मा दर्ता भएको महाअभियोग प्रस्ताव समयमै टुङ्गो नलगाएर सिङ्गो न्यायलयको गरिमा घटाउने काम भएको बताउनुभयो।

उहाँले राजनीतिक दलहरूकै कारण न्यायलय विवादमा आएको भन्दै यो लोकतन्त्रका लागि नराम्रो पक्ष भएको बताउनुभयो । "महाअभियोग लागेको प्रधानन्यायधिश म निर्दोश छु भन्दै सर्वोच्चमै काममै फर्किन्छु भन्छ, सरकार अदालत आउन नदिने तयारी गर्छ, यो कस्तो खालको कानुन हो", तिमिल्सिनाले भन्नुभयो।

अध्यक्ष तिमिल्सिनाले संसद्को कार्यकालका विषयमा दलहरूबीचको विवादले नागरिकमा नकारात्मक सन्देश गएको बताउनुभयो । उहाँले निर्वाचन आयोगले तोकेको समयावधिमा दलहरूले आ-आफ्नो तर्क गर्नु उचित नहुने भन्दै एउटै संसद्का कोही सांसद कार्यकाल सकिएर निवर्तमान हुने र कोही बहाल वाला हुँ भन्दै झण्डा हल्लाएर हिड्नु जायज नहुने बताउनुभयो । अर्को प्रसङ्गमा अध्यक्ष तिमिल्सिनाले निर्वाचन स्वच्छ, स्वन्तन्त्र र निष्पक्ष हुनुपर्नेमा जोड दिनुभएको छ । आगामी मङ्सिर ४ गतेको निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्नुपर्ने बताउँदै निष्पक्ष र निर्भयका साथ हुने निर्वाचनबाट मात्रै लोकतन्त्रलाई संस्थागत गर्न सकिने बताउनुभयो । गण्डकी प्रदेश सरकारका सभामुख नेत्रनाथ अधिकारीले संविधानको सफल कार्यान्वयन भएमात्र सङ्घीयता सफल हुने बताउनुभयो। संविधानमा देखिएका कमी कमजोरीलाई सुधार गर्दै यसको सफल कार्यान्वयन हुनुपर्नेमा उहाँले जोड दिनुभयो । कार्यक्रममा संविधानसभा सदस्य अर्जुनप्रसाद जोशी, संविधानसभा सदस्य विकास लम्साल, प्रतिनिधिसभा सदस्य पदम गिरीलगायतले सम्बोधन गर्नुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा प्रदेश स्तरिय खेलकुद पत्रकारिता तालिम सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असोज**

पोखरामा मंगलबारबाट प्रदेश स्तरिय खेलकुद पत्रकारिता तालिम सुरु भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डककीको संयोजनामा सुरु भएको तालिम असोज ५ गते बुधबार सम्म चल्नेछ। गण्डकी प्रदेशमा आयोजना हुन लागेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ लाई लक्षित गरेर यो तालिम आयोजना भएको हो।

तालिमको उद्घाटन गर्दै राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले तालिमले खेल पत्रकारितामा रुचि राख्ने पत्रकारको दक्षता अभिवृद्धि हुने बताए। नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ अर्न्तगत खेल मैदान व्यवस्थापन उपसमितिका संयोजक समेत रहेका गुरुङले खेलकुद क्षेत्रमा भएका विकृति विसंगतीको बारेमा उजागर गर्न समेत पत्रकार समक्ष आग्रह गरे। प्राविधिक कारण तय भएका केही ठाउँको खेल स्थल परिवर्तन हुन सक्ने संकेत गरे। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मुख्य स्थल पोखरा रंगशालामा रहेका संरचनालाई मर्मत तथा



स्तरउन्नती गर्नको लागि पर्याप्त बजेट नछुट्याइएको गुनासो गुरुङले गरे। पर्याप्त बजेट नहुँदा काम गर्न समस्या भएको उनको भनाई थियो। प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव तेजबहादुर गुरुङले खेलकुद पत्रकार मञ्च गण्डकीसँग सहकार्य गर्न पाएकोमा खुशी व्यक्त गरे। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्बन्धी गतिविधिलाई आम सर्वसाधरणमाझ पुऱ्याउन सञ्चारकर्मीबाट निरन्तर साथ पाउने विश्वास उनको थियो।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका पूर्व अध्यक्ष केशव पाठक, नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, पश्चिमाञ्चल खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगी, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर वानिया, नेपाल पत्रकार महासंघ मनाङका अध्यक्ष नविन लामिछाने, नेपाल पत्रकार महासंघ कास्कीका कोषाध्यक्ष कृष्ण दवाडी, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका उपाध्यक्ष सुरज श्रेष्ठ, महासचिव राजाराम पौडेल लगायतले बोलेका थिए।

तालिममा गण्डकी प्रदेशमा कार्यरत खेल पत्रकारितामा रुचि राख्ने झण्डै ७० जना पत्रकारको सहभागीता रहेको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले बताए। पौडेलका अनुसार पहिलो दिनमा कुल १३ जना प्रशिक्षकले प्रशिक्षण दिए। यसरी प्रशिक्षण प्रदान गर्नेमा योगेन्द्र शेरचन, पुनम गुरुङ, बिशाल कुँवर, सन्दिप बराल, मोहन गुरुङ, गोपाल श्रेष्ठ, रिजन प्रजु, राजन बडगामी, रामकृष्ण ज्ञवाली, राम गुरुङ, निरज थापा, प्रियंका बर्मा र योगेश भट्टराई रहेका छन्।

राष्ट्रिख खेलकुद परिषदको आयोजना भएको तालिमा प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गरेको छ। यसैगरी कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका, मादि गाउँपालिका, रुपा गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, केटिएम सिटी, वरपिपल रिर्सोट लगायतको सहयोग तालिममा रहेको छ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता असोज २८ देखि कार्तिक ३ गतेसम्म हुँदैछ। सोही प्रतियोगितामा समावेश गरिएका ३६ खेलहरुको समाचार लेखनमा सहज पुऱ्याउने उद्धेश्यले तालिम आयोजना भएको तालिम संयोजक समेत रहेका नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले बताए।




चारदेशीय 'पोखरा आर्ट क्याम्प' अन्तर्गत फेवातालमा रहेको तालबाराही मन्दिर क्षेत्रमा बसेर चित्र कोर्दै कलाकारहरु। तस्बिर : नारायण ढुङ्गाना, रासस

# स्वतन्त्रका राष्ट्रिय अध्यक्षलाई प्रवल जनसेवाश्री

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असोज**

स्वतन्त्र पत्रकार संघ नेपालका राष्ट्रिय अध्यक्ष कृष्णप्रसाद बास्तोला प्रवल जनसेवाश्री पदकबाट सम्मानित भएका छन्।

राष्ट्रपतिबाट संविधान दिवसको दिन प्रदान गरिने सो पदकबाट उनी सम्मानित भएका हुन्। आदर्श समाज राष्ट्रिय दैनिकका प्रधानसम्पादक समेत



रहेका बास्तोला पत्रकारितामा विगत ४२ वर्षदेखि निरन्तर क्रियाशील छन्। यसअघि उनी प्रजातन्त्र सेनानीको नाउँमा स्थापित दयाशंकर पालिखे स्मृति पत्रकारिता पुरस्कार, हिमदूत पत्रकारिता पुरस्कार, रोयल सहकारी पत्रकारिता पुरस्कार, इर्खबहादुर श्रीप्रभा गुरुङ स्मृति पुरस्कार र गंगा-ज्योति स्मृति पुरस्कारबाट सम्मानित भएका थिए। उनका चार वटा मौलिक कृति तथा छ वटा सम्पादित कृति प्रकाशित छन्।

# शिवशक्ति क्याम्पसको सञ्चालक समिति अध्यक्षमा टुवराज बास्तोला

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असोज**

पोखरा महानगरपालिका वडा नं ११ स्थित शिवशक्ति क्याम्पसको क्याम्पस सञ्चालक समितिको अध्यक्षमा टुवराज बास्तोला निर्वाचित भएका छन्।

समितिको ११ औं साधारणसभा तथा छैटौं अधिवेशनले बास्तोलालाई अध्यक्षमा निर्वाचित गरेको हो। बास्तोला फूलवारी क्लवका पूर्व अध्यक्ष, रोटरी क्लब अफ



पोखराको पूर्वअध्यक्ष, जेसीज लगायतका संस्थामा रहेर काम गरेका छन्। उनी पोखरा-७, रत्नचोकस्थित रत्नज्योति बोर्डिङ स्कूलको प्राचार्य पनि हुन्। समितिको सदस्यहरुमा दुर्गा जोजीजु र बुद्धिसागर घिमिरे चयन भए।

वडाध्यक्ष प्रेम कर्माचार्य, प्राचार्य दीपक बास्तोला र शिक्षक प्रतिनिधि दुई जना पदेन सदस्य रहनेछन्। २१ सदस्यीय हुने समितिमा १४ सदस्य पछि मनोनित गरिने छ। अध्यक्ष बास्तोलाले क्याम्पसको शैक्षिक गुणस्तर र भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिवद्धता जनाएका छन्।

# मनाङ कारागारमा दुई कैदीबन्दी

**पोखरापत्र संवाददाता**
**मनाङ, ४ असोज**

मनाङ कारागारमा दुई जना कैदीबन्दी रहेका छन्। कारागारका अनुसार जबर्जस्ती करणी मुद्दाका एक र सुन चोरी पैठारी मुद्दामा एक जनाले कैद भुक्तान गरिरहेका छन्।

एक जनाले चालु आर्थिक वर्षमा मात्रै जबर्जस्ती करणी मुद्दामा जेल चलान भई कैद भुक्तान गरिरहेको मनाङ जिल्ला अदालतका स्रेस्तेदार तारादत्त बडूले जानकारी दिनुभयो।

उहाँका अनुसार एक जनाले भने १७ किलोग्राम सुन चोरी पैठारी मुद्दामा कैद भुक्तान गरिरहेका छन्। हालसम्म मनाङको कारागार शिक्षा कार्यालयको भवनमा राखिएको छ। देशकै कम कैदीबन्दी रहने मनाङमा तराई क्षेत्रमा निर्माण गरिने डिजाइनमा कारागार निर्माण गरिएको छ। करिब रु दुई करोडको लागतमा उक्त कारागार भवन निर्माण गरिएको भए पनि शिक्षाकै भवनमा कैदीबन्दी राखिँदै आएको स्रेस्तेदार बडूले बताउनुभयो। देशका विभिन्न जिल्लाका कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेका छन् तर मनाङमा करिब शून्यजस्तै हुने गरेको छ।

# पर्वतीय मुद्दालाई विश्वव्यापीकरण गर्न नेपालको अग्रणी भूमिका हुनुपर्छ : मन्त्री यादव

**रासस**
**जोमसोम, ४ असोज**

वन तथा वातावरणमन्त्री प्रदीप यादवले पर्वतीय मुद्दालाई विश्वव्यापीकरण गर्ने अभियानमा नेपालको अग्रणी भूमिका हुनुपर्ने बताउनुभएको छ।

वन तथा वातावरण मन्त्रालयको आयोजनमा आजदेखि सुरु भएको अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्ष २०२२ मुस्ताङपैरवी सम्मेलनमा मन्त्री यादवले अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्ष २०२२ नेपालका लागि एउटा महत्वपूर्ण अवसर भएकाले यो मुद्दालाई विश्वव्यापी बनाउने अभियानमा नेपाल लाग्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "हामी विश्वको सबैभन्दा अग्लो र लामो पर्वत शृङ्खलाका रुपमा रहेको हिन्दू कुश हिमालय क्षेत्रका बासिन्दा हौँ, पर्वतीय विषयमा हाम्रो सबैभन्दा बढी चासो हुनु स्वभाविक हुन्छ, यो अन्तर्राष्ट्रिय वर्ष मनाउन शुभारम्भ गर्ने नेपाल पहिलो मुलुक पनि हो त्यसैले पर्वतीय मुद्दालाई विश्वव्यापीकरण गर्ने अभियानमा नेपालको भूमिका प्रभावकारी हुनुपर्छ।" अन्तर्राष्ट्रिय मञ्चमा समेत नेपालले आगामी दिनमा पर्वतीय मुद्दालाई जोडदाररुपमा उठाउने र अन्य पर्वतीय मुलुकसँग सहकार्य र समन्वय गर्ने योजना रहेकोसमेत मन्त्री यादवले सो कार्यक्रममा जानकारी गराउनुभयो। यसैगरी मन्त्री यादवले अन्तर्राष्ट्रिय पर्वतीय वर्ष समारोहका माध्यमबाट नेपालको पर्वतीय मुद्दा अझ प्रष्ट भई क्षेत्रीय तथा अन्तर ाष्ट्रिय सहकार्यमा थप प्रभावकारिता आउने विश्वास व्यक्त गर्नुभयो। यो वर्ष खास गरी पर्वतीय जलवायु परिर्वतन, पर्वतीय अर्थतन्त्र, पर्वतीय संस्कृति, पर्वतीय जैविक विविधता, पर्वतीय महिला र पर्वत-समथर अन्तरसम्बन्धलाई छलफलमा ल्याइने उहाँले उल्लेख गर्नुभयो।

मन्त्री यादवले नेपालजस्तो पर्वतीय मुलुकका लागि यो छलफल निकै महत्वपूर्ण रहेकोमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "नेपालजस्तो पर्वतीय मुलुकका लागि यो छलफल निकै महत्वपूर्ण छ, यस छलफलले हिन्दू कुश हिमालय क्षेत्र र विश्व समुदायका बीचमा महत्वपूर्ण ध्यानाकर्षण भएको महसुस गरिएको छ।" यस मुस्ताङपैरवी अभियानमा विश्व खाद्य सङ्गठन, इसिमोड, युकेएड, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, विश्व वन्यजन्तु कोष, विश्व संरक्षण सङ्घ, राष्ट्रिय प्रकृति संरक्षण कोष, डिसिए नेपाल र माउन्टेन पार्टनरसीपको सहभागिता रहेको छ।

## नेपालको संविधानको विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# समानुपातिकको मर्म विपरीत सूची

मंसिर ४ गते हुने प्रदेश सभा, प्रतिनिधि सभा निर्वाचनका लागि दलहरूले समानुपातिकतर्फका उम्मेदवारको बन्द सूची निर्वाचन आयोगमा बुझाएका छन्। रातिदेखि अबेर बन्द सूची बुझाएका नाम सार्वजनिक अहिल्यै हुँदैन। नेताहरूले सुचना नदिए पनि समानुपातिक समावेशी मर्म अनुरुप छैन। दलहरूले यसअघि जस्तै महिला, मधेसी, जनजाति, आदिवासी, थारु लगायत जुनजुन क्लस्टरबाट सांसद भए अहिले पनि त्यस्तै छ। जुन क्लस्टरबाट चुनिएका व्यक्ति तत्तत् वर्ग समुदायको प्रतिनिधित्व गर्नेभन्दा पनि नेताका नजिकका धेरै थिए।

पार्टीलाई चन्दा बुझाएकैले उनीहरूलाई सांसद बनाइएको थियो। आफन्त र नातागोता भएकैले उनीहरूले मौका पाएका थिए। शीर्ष दलका शीर्ष नेताको नजिकका व्यक्तिको हालीमुहाली समानुपातिकमा भयो। एकै व्यक्ति पटकपटक दोहोरिएका छन।प्रधानमन्त्री शेरबहादुर देउवाकी श्रीमती डाक्टर आरजु राणा महिला कोटामा समानुपातिक सूचीमा परेको समाचारहरू आइरहेका छन्।

जसको पहुँच छैन, उसलाई समानुपातिकमार्फत प्रतिनिधित्व गराउने संवैधानिक मर्म हो। सबैभन्दा धेरै पहुँचवाला र शक्तिशाली व्यक्तिको मुठीमा समानुपातिक कोटा पर्नु दुर्भाग्य हो। समानुपातिक निर्वाचन प्रणालीकै कारण कुनै पनि दलको बहुमत आउने अवस्था छैन। सरकार सधै अस्थिर भयो। सत्ताको घिनलाग्दो खेल धेरै भयो। निर्वाचन प्रणालीमाथि आलोचनामात्रै होइन विरोधको स्वर चर्को छ। झन् त्यस्तै आवाजलाई बल पुग्ने गरी दलहरूले यो निर्वाचन प्रणालीको छिद्रबाट निकै हदसम्मको दुरुपयोग गरेका छन्।

सिधै जनताबाट चुनिनेभन्दा समानुपातिकबाट सांसद बन्ने जस्केलाको बाटो रोजिरहेका छन्। खासमा अर्बपतिहडरू, ठूलाबडाहरू र पहुँचवाला तथा धनबली एवं बाहुबलीहरू छिर्न बनाइएको जस्केलो होइन। समानुपातिक प्रणाली पिछडिएको वर्ग र बञ्चितीकरणमा परेको समुदायको मूलबाटो हो। त्यसलाई मिचेर हुनेखाने वर्गले समानुपातिकको बाटो ओगटेको छ। त्यो बलमिच्याइँ लोकतन्त्रको मर्म र संविधानको मर्म मिच्याइँ पनि हो।

संविधानले व्यवस्था गरेका समानुपातिक, संघीयता, धर्म निरपेक्षता र गणतान्त्रिक व्यवस्थामाथि पटकपटक प्रहार गर्नुको कारण दलहरूका त्यस्तै कमजोरीका कारणले हो। पछाडि पारिएको वर्ग र समुदायकै भाग खोसेर फेरि पनि आफ्नैलाई पोस्ने क्रम र उपक्रमले निरन्तरता पायो भने व्यवस्थालाई चुनौती दिने शक्तिको बिजारोपण नहोला भन्न सकिन्।

# आठ मतदानस्थल थपिए

पोखरापत्र संवाददाता
म्याग्दी, ४ असोज

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनका लागि म्याग्दीमा आठ वटा मतदानस्थल थपिएका छन्।

जिल्लास्थित निर्वाचन कार्यालय, प्रशासन, सुरक्षा निकाय, राजनीतिक दल र जनप्रतिनिधिको सिफारिसको आधारमा निर्वाचन आयोगले मतदानस्थल थप गरेको हो। भौगोलिक रुपमा विकट, अपायक भएका र मतदाता सङ्ख्या बढी भएका ठाउँमा मतदानस्थल र केन्द्र थपिएका हुन्। जिल्ला निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले थपिएकासहित म्याग्दीमा ८२ वटा मतदानस्थल र एक सय १९ वटा मतदान केन्द्र कायम भएको जानकारी दिनुभयो। गत स्थानीय तह चुनावमा ७४ मतदानस्थलमा एक सय १४ केन्द्र थिए। धवलागिरि, मङ्गला, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकामा दुई/दुईवटा मतदानस्थल थपिएका हुन्। धवलागिरि गाउँपालिका-४ बगरको कैलाश आधारभूत र वडा नं ७ धारापानीको चन्द्रकुन्ता किसानी माविमा मतदानस्थल कायम भएको छ। मङ्गला गाउँपालिका-१ पूर्णगाउँको राष्ट्रिय जनजागृति मावि र वडा नं ५ सिर्कुमको किसानी आधारभूत विद्यालयमा पनि मतदानस्थल थपिएको छ। रघुगङ्गा गाउँपालिका-२ खौरेटाको राममन्दिर सामुदायिक स्वास्थ्य केन्द्र र वडा नं ३ पातल्नाको हिमालय आधारभूत विद्यालयमा मतदानस्थल थपिएको छ। अन्नपूर्ण गाउँपालिकाको केन्द्रमा रहेको पोखरेबगर आधार भूत विद्यालय र वडा नं ८ को काफलडाडाँ आधारभूत विद्यालयमा पनि मतदानस्थल थप भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। मतदानस्थल थपिएपछि भौगोलिक रुपमा विकट क्षेत्रमा अवस्थित सिम्कोस, बगर, नाउराका बासिन्दालाई मतदानका लागि दुई देखि तीन दिन समय खर्चनुपर्ने समस्या हटेको छ। कैलाश आधारभूत मतदान केन्द्रमा एक सय ५७ जना मतदाता छन्।

आसन्न चुनावका लागि ४२ हजार ५५ पुरुष, ४४ हजार ६४ महिला र एक तेस्रो लिङ्गी गरी कूल ८६ हजार एक सय २० मतदाता कायम भएका छन्। गत स्थानीय चुनावमा ८५ हजार तीन सय ७५ मतदाता रहेकामा ५६ हजार चार सय ५६ मत खसेको थियो। स्थानीय तह चुनावपछि थपिएकालाई जोड्दा, बसाइँसराइ गरेका र दिवङ्गत भएकाको नामावली अद्यावधिक गरेर मतदाता सङ्ख्या कायम गरिएको हो। स्थानीय तहको चुनावपछि सात सय ४५ मतदाता थपिएका हुन्। बेनी नगरपालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकालाई समेटेको ४९ मतदानस्थलमा ६८ वटा केन्द्र रहेको प्रदेशसभा क्षेत्र (क) मा ४८ हजार चार सय ७२, मङ्गला, मालिका र धवलागिरि गाउँपालिका समावेश ३३ स्थलमा ५१ केन्द्र रहेको प्रदेशसभा क्षेत्र (ख) मा ३७ हजार छ सय ४८ मतदाता छन्। बेनी नगरपालिकामा २२ हजार एक सय ८५, अन्नपूर्णमा १२ हजार ०६८, धवलागिरिमा १० हजार आठ सय ३७, मालिकामा १३ हजार तीन सय ३४, मङ्गलामा १३ हजार चार सय ७७ र रघुगङ्गा गाउँपालिकामा १४ हजार दुई सय १९ मतदाता कायम भएका छन्।

# नेपालबाट अस्कर अवार्डमा 'ऐना झ्यालको पुतली' सिफारिस

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज

एकेडेमी अफ मोसन पिक्चर आर्ट्स एन्ड साइन्सद्वारा घोषणा गरिएको ९५औं एकेडेमी अवार्ड (अस्कर अवार्ड)मा नेपालको प्रतिनिधित्व 'ऐना झ्यालको पुतली' फिल्मले गर्ने भएको छ।

प्रतियोगिताका रुपमा फिल्मलाई सहभागी गराउन नेपालको अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिका अध्यक्ष विमल पौडेलको अध्यक्षतामा गत सोमबार बसेको बैठकले प्राप्त फिल्ममध्येबाट सुजित बिडारी निर्देशित 'ऐना झ्यालको पुतली'लाई सिफारिस गरेको हो। प्राप्त फिल्ममध्ये प्राविधिक पक्ष, कथ्य शैली र प्रस्तुति, चरित्रको भावनात्मक विश्लेषण तथा प्रस्तुतिको कलात्मकता आदि पक्षलाई विश्लेषण गरेर छनोट गरेको समितिका सदस्य सामीप्यराज तिमल्सेनाले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीलाई तीन फिल्म प्राप्त भएको थियो। ऐना झ्यालको पुतली अहिले हामीले खोजिरहेको कलात्मकता बोकेको फिल्म नै हो। त्यसैले हाम्रो निर्णय यसलाई नै नेपालको प्रतिनिधित्व गरेर पठाउने भएको हो।"

नेपालको ग्रामीण परिवेशको कथामा तयार भएको 'ऐना झ्यालको पुतली' भाइको रहरको कथा, दिदीको सपनाको कथा र आमाको सङ्घर्षको कथा हो। फिल्ममा कञ्चन चिमरिया, दिनेश खत्री, सिरु विष्ट, उमेश श्रेष्ठ, क्षितिज लिम्बू, विषा राई, मल्लिका श्रेष्ठ, राज थापा, मदन गुप्तालगायतका कलाकारको अभिनय रहेको छ।

# फिस्टेलद्वारा सिर्जनालाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज




पोखरा-१७ तल्लो विरौटामा अवस्थित फिस्टेल एकेडेमीका विद्यार्थी र शिक्षकहरुद्वारा पोखरा-२६, लेखनाथ अर्घौस्थित सिर्जना बहिरा मा.वि.का विद्यार्थीहरुलाई सहयोग गरेका छन्।

विद्यालयमा कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरुले सो स्कुल अवलोकन पश्चात् स्टेसनरी सामग्री सङ्कलन गरी सहयोग गरेका हुन्। विद्यालयमा अध्ययनरत विद्यार्थी र शिक्षकहरुबाट किताब, कापी, कलम, सिसाकलम लगायत स्टेसनरी सामग्री आइतबार विद्यालय प्राङ्गणमा एक कार्यक्रम आयोजना गरी हस्तान्तरण गरिएको थियो।

सिर्जना बहिरा माविका शिक्षक र विद्यार्थीहरुको टोलीले आइतबार विद्यालय भ्रमण गरेको थियो। भ्रमणपछि कक्षा ४ का विद्यार्थीहरुको सक्रियतामा सङ्कलन गरिएको स्टेसनरी सामग्री हस्तान्तरण गरिएको जानकारी विद्यालयका सञ्चार संयोजक गोपाल खनालले दिए। विद्यालयले गत महिना राष्ट्रिय आविष्कार केन्द्रलाई एक लाख रुपैया सहयोग गरेको थियो।

गत महिना नै विद्यालयमा अध्ययनरत आधारभूत तहका विद्यार्थीहरु सहयोग सामग्री लिएर पोखरा वृद्धाश्रम पनि पुगेका थिए।

# बागलुङमा बढ्दो डेङ्गु सङ्क्रमण, परीक्षणका लागि किट अभाव

पोखरापत्र संवाददाता
बागलुङ, ४ असोज

बागलुङमा डेङ्गु रोगको सङ्क्रमण बढ्दै गएको छ। जिल्लामा डेङ्गुका लक्षण भएका बिरामीको समेत धवलागिरि अस्पतालमा चाप बढिरहेको पाइएको छ। स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा गत भदौमा मात्रै २९ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ। पर्याप्तरूपमा डेङ्गु परीक्षणका लागि किटको अभावले गर्दा धेरै शङ्कास्पद बिरामीको परीक्षणमा भने समस्या भएको छ।

जिल्लामा हालसम्म यो वर्षमा ३५ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएकामा नौ जनाको अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने र एक जनाको जटिल अवस्थाका बीच थप उपचारका लागि पोखरा पठाइएको स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरीक्षक तथा निमित्त कार्यालय प्रमुख लक्ष्मी शर्माले जानकारी दिनुभयो। "सुरुमा किट अभाव भएको थियो, अहिले केही मात्रमा किट आएको छ भने थप आउने क्रम जारी छ। तर डेङ्गुका बिरामी दिनानुदिन बढ्दै जाँदा पर्याप्त किट आवश्यक हुन्छ", उहाँले भन्नुभयो, "अहिले डेङ्गु लक्षण देखिएका बिरामीको रगत परीक्षण गर्ने र रगतमा शङ्कास्पद देखिएमा मात्रै किटको प्रयोगमार्फत परीक्षण गर्ने गरिएको छ।" स्वास्थ्य कार्यालयमा अहिले जम्मा ३० थानमात्रै किट रहेको छ भने थप दुई सय किट आउने क्रममा रहेको छ। जिल्लामा डेङ्गु रोगको लक्षणसहितका बिरामीको सङ्ख्या ह्वात्तै बढेको धवलागिरि अस्पताल बागलुङका मेडिकल सुपरिटेण्डेन्ट डा शैलेन्द्र विक पोखरेलले जानकारी दिनुभयो। "अहिले अस्पतालमा ज्वरो, वाकवाकी आउने तथा रिङ्गाटा लाग्ने बिरामीको सङ्ख्यामा वृद्धि भएको छ, तर सबैमा डेङ्गु सङ्क्रमण भने देखिएको छैन, हामीले रगतका माध्यमबाट र अत्यधिक शङ्कास्पदको किटको माध्यमबाट डेङ्गु परीक्षण गरेका छौँ", उहाँले भन्नुभयो, "अस्पतालले पछिल्लो भदौ महिनासम्म डेङ्गुका जटिल प्रकारका नौ बिरामीको अस्पताल भर्ना गरेर उपचार गरिसकेको छ।

डेङ्गु नियन्त्रणका लागि स्वास्थ्य कार्यालय बागलुङले खोज र नष्ट गर अभियानलाई जारी राखेको छ। लामट्टेको लार्भा नष्ट गर्नका लागि पानीको खाल्डा पुर्ने, पानी जम्ने र लामखुट्टे उत्पादन हुने क्षेत्रमा विशेष ध्यान अपनाएको स्वास्थ्य कार्यालय बागलुङले जनाएको छ। निरन्तरको वर्षाले खोज र नष्ट गर अभियान प्रभावित भए पनि घाम लागेपछि निरन्तरता दिने तयारीमा स्वास्थ्य कार्यालय रहेको छ। यस्तै पालिका स्तरबाट भने खोज र नष्ट गर अभियानलाई तीव्रता दिन थालिएको छ।

डेङ्गु रोग रोकथामका लागि विभिन्न सचेतनामूलक कार्यक्रम गर्न थालिएको छ। अहिले सहरी क्षेत्रमा डेङ्गु सचेतनाका लागि माइकिङ गर्ने, पोष्टर तथा पम्पलेट टाँस्नेलगायतका काम गरिएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ।
सम्पर्कः
९८२७१९९५८६
९८१९१७११७८

## प्रदेश सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## पशु सेवा विभाग
## राष्ट्रिय पशु प्रजनन कार्यालय
पोखरा, कास्की

### बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

प्रथम प्रकाशित मिति २०७९/०६/०५

यस कार्यालयको तरल नाइट्रोजन खरिद तथा आपूर्ति सम्वन्धी ठेक्का नं. (NLBO/NCB/G/2079/80/01) को विभिन्न कलस्टरहरूको लागि प्राप्त बोलपत्रहरुमध्ये तपशिलका बोलपत्रदाताहरूको बोलपत्रहरू छनौट हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि उक्त बोलपत्रसँग सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ।

तपशिल

| कलस्टर | विवरण | छनौट भएको बोलपत्रदाता | बोल कबोल रकम मु.अ.कर वाहेक |
|---|---|---|---|
| 1/Dhanusha | Supply and Delivery of Liquid Nitrogen (NLBO/NCB/G/2079-80/01) | Madhu Oxygen Industry Pvt. Ltd. Birgunj | 12,50,000.00 |
| 2/Parsa | Supply and Delivery of Liquid Nitrogen (NLBO/NCB/G/2079-80/01) | Madhu Oxygen Industry Pvt. Ltd. Birgunj | 14,50,750.00 |
| 3/Kaski | Supply and Delivery of Liquid Nitrogen (NLBO/NCB/G/2079-80/01) | Pokhara oxygen Gas Pvt. Ltd. Kaski | 7,70,000.00 |
| 4/Kathmandu Valley | Supply and Delivery of Liquid Nitrogen (NLBO/NCB/G/2079-80/01) | Shankar Oxygen Gas Pvt. Ltd. Kathmandu | 17,01,000.00 |
| 5/ Rupandehi | Supply and Delivery of Liquid Nitrogen (NLBO/NCB/G/2079-80/01) | Shankar Oxygen Gas Pvt. Ltd. Kathmandu | 26,00,000.00 |

# फेवाको किनारबाट रङकर्मीले देखे 'प्योर प्रकृति'

–नारायण ढुङ्गाना

पोखरा, ४ असोज(रासस)

विश्वमै ख्यातिप्राप्त पर्यटकीय नगरी पोखरा, अनि यसको मुटु फेवातालका किनारमा पर्यटकको चहलपहल थियो । प्राकृतिक सुन्दरताले भरिएको फेवाताल र आसपासका दृष्यपान गर्दै आफ्नै लयमा रमाइरहेका थिए स्वदेशी तथा विदेशी पर्यटक । कतै तस्वीर खिच्दै गरेका त कतै सेल्फीमा रमाइरहेका थिए उनीहरु ।

फेवामा तैरिरहेका डुङ्गा छालसँगै चलमलाइरहेका थिए । केही डुङ्गा पर्यटक बोकेर घरी तालबाराही मन्दिर त घरी फेवा किनार आवतजावतमा व्यस्त थिए । त्यही बीचमा देश–विदेशका एक सय १८ चित्रकारको हुल पनि मिसिएपछि सोमबारको जमघट बाक्लिएको थियो । पोखरामा पर्यटकहरू आउने क्रम सुरु हुनै लागेकाले अझै सोचेअनुसार पर्यटक आइपुगिसकेका छैनन् । कलाकारको जमघटले त्यहाँको माहोल बाक्लिएको पाइन्थ्यो । फेवातालबाटदेखिन्दृश्यलेकलाकारलाई चुप लागेर बस्न दिएन । आएका कलाकार दुरान्तर कायम गर्दै मस्तिष्कमा खिचिएका दृश्यलाई टाइपोट र इजलका साथ जलरङमा कुची चोपेर क्यान्भास रङ्ग्याउन थालिहाले । कोही डुङ्गामा पुगे, कोही बाराही मन्दिर गए, कोही फेवा किनारमै बसे त कोही 'वाकिङ प्लेस'का प्रतिक्षालयबाट नियाल्दै चित्र कोर्न लागे ।

विभिन्न कोण समाएर कलाकारले फेवालाई टम्म घेरे । आ–आफ्नो कोणबाट दृश्य सिर्जना गरे । उनीहरूको तीन दिनदेखिको थकान फेवाले बिर्साइदियो । आगन्तुक आन्तरिक र बाह्य पर्यटक आफ्ना आँखाले नियालिरहेका दृश्यहरु क्यान्भासमा देख्न पाउँदा ट्वाल्ल परेका थिए । उनीहरूले कलाकारसँग तस्वीर र सेल्फी लिन पनि भ्याए । यो अवसर जुटाइदिएको थियो नेपालको अन्तर्राष्ट्रिय जलरङ समाज (आइडब्ल्युएस)ले । पूर्वदेखि पश्चिमसम्मका नेपाली कलाकारका साथमा भारत, बङ्गलादेश र इरानका एक सय १८ कलाकार सहभागी थिए यहाँ । भारतका कलाकार विजय विस्वाल फेवाको सुन्दरताले मन छोएको र कलाकारका लागि यो अनुपम उपहार भएको बताउनुभयो ।

फेवाताल नेपालको दोस्रो सबैभन्दा ठूलो र गहिरो ताल मानिने स्थानीयवासीले सुनाए । यो तालमा माछापुच्छ्रे र अन्नपूर्ण हिमालको मनोरम दृश्य तैरिन्छ । किनारबाट पनि आसपासका प्राकृतिक सुन्दरता नियाल्न सकिन्छ । तालको बीचमा पर्ने तालबाराही मन्दिर अर्को विशेषता हो । प्राचीनकालमा माटाको ढिस्कामा एउटा शिला थियो, त्यही शिलामा मन्दिर स्थापना गरी बाराहीका रूपमा पूजा गर्न थालिएको भनाइ छ । बाराही देवीको शक्तिले तालको बीचमा टापु बनेको र तालको बीचमा रहेकाले नाम तालबाराही हुन गएको हो । प्रमुख शक्तिपीठमध्ये एक मानिने यहाँ दाम्पत्य जीवन सुखमय हुने विश्वासमा धेरै मानिस दर्शन गर्न आइपुग्छन् । सोमबार धेरै कलाकारले त्यही तालबाराहीमै बसेर वरपरका सौन्दर्य र मन्दिरका दृश्य समेटे । फेवाको किनारमा बसेर ताललाई क्यान्भासमा सजाएका भक्तपुरका कलाकार अञ्जन अधिकारीले यहाँ बसेर इजेलका साथ हातमा क्यान्भास र रङ लिएर जब कुची चोप्न थालिन्छ, त्यसपछि शरीरमा आफैँ नौलो ऊर्जा भरिने सुनाउनुभयो । उहाँले भन्नुभयो, "यहाँबाट हेर्दा माछापुच्छ्रेको जुन प्रतिविम्ब फेवातालमा झल्किन्छ, त्यो हृदयस्पर्शी छ, जब ती पानीका छालहरु विस्तारै तरङ्गीत हुन्छन्, एउटा कलाकारमा भित्रैदेखि स्वच्छ रक्त सञ्चार हुन्छ, अनि उर्जा आइदिन्छ, काम गर्नका लागि शक्ति बढ्छ र उत्साह थपिन्छ ।" कुनै पनि कलाकार फेवामा पुग्दा त्यहाँको गहिराइमा डुबेर प्राकृतिक सुन्दरतालाई चित्रण गर्न आतुर हुन्छन् । पोखरालाई पहिलोचोटी स्पर्श गर्नुभएका इलामका कलाकार किरणकुमार शिगुलाई पनि त्यही अनुभूति भयो । "नौलो अनुभूतिको आनन्द प्राप्त हुने रहेछ", शिगुले थप्नुभयो, "कला प्रकृतिबाटै सिकिन्छ, प्रकृतिकै नक्कल गरेर चित्र सिर्जना हुने हुँदा फेवा किनारबाट नियाल्दा भित्रैदेखि सन्तुष्टि प्राप्त भयो ।"

कलाकारहरुको बुझाइमा एउटा चित्रकारले जे कुरा खोजिरहेको हुन्छ ती चिजहरु एकै स्थानबाट प्राप्त गर्न सकिने स्थान हो फेवाताल । उक्त अवसर धेरै ठाउँमा पाइदैन । विविधतायुक्त प्रकृतिलाई खेलाउन फेवा किनार उत्कृष्ट गन्तव्य भएको उहाँहरुको भनाइ थियो । यहाँ बसेर रङ खेलाउन औधी मजा हुने कलाकारहरुले बताए ।

यसपालीको आर्ट क्याम्पमा उत्कृष्ट १० मा पर्नुभएका चितवनका कलाकार बरुणबाबु घिमिरेले फेवाबाट दुरान्तर असाध्यै राम्रो हुने बताउनुभयो । "एक त सुन्दर ताल त्यसमाथि उभिएको माछापुच्छ्रेसहितका प्राकृतिक छटाले आर्ट गरेरै थाकिन्न जता फर्कियो त्यतै पेन्टिङ गरौँ गरौँ झैँ लाग्छ", उहाँले भन्नुभयो । घिमिरेका अनुसार पोखरा नेपालीपन र नेपाली परिवेश बोकेको ठाउँ हो । भक्तपुरका कलाकार सुस्मा श्रेष्ठ र उहाँकी छोरी श्रेया हाडा पनि आर्ट क्याम्पमा सहभागी हुनुहुन्थ्यो । दुवै जनाले फेवाको दृष्यलाई सोमबार जलरङले सजाउनुभयो । सुस्मालाई त्यो नजिकका हरियालीभित्रको मसिना कण बनाउन खुब ऊर्जा मिल्यो । प्रकाशको किरणसँगै छिनछिनमा बदलिने प्रकृतिका रङसँगै कलाकारले रङ खेलाउन सक्नुपर्छ । त्यसमाथि जलरङ खेलाउन त्यति सजिलो हुन्न । यहाँको हरियाली वातावरण, तरेली परिरहने एकनासको छाल, सिरिर..र बहिरहने हावा र हिमालको स्पर्शले मुग्ध पारिदिन्छ । साँच्चैभन्दा फेवा किनारले मानिसको तनाव कम गरेर खुसी दिलाइदिन्छ । त्यही विषयलाई क्यान्भासमा उतार्दा आउने आनन्द छुट्टै हुने कलाकार श्रेष्ठले सुनाउनुभयो । नजिकै देखिने सराङकोटलाई क्यान्भासमा उतार्नुभएकी हाडाले भन्नुभयो, "फेवाको किनारबाट 'प्योर' प्रकृतिभन्दा अरु केही देखिएन ।" अर्का कलाकार बाबु साहिलाका अनुभूति पनि त्यस्तै थियो । उहाँले सोमबार त्यही प्राकृतिक खुराकलाई आर्ट पेपरमा सङ्गालेको बतउनुभयो ।

यहाँको प्राकृतिक सौन्दर्यको अथाह प्रेमले गर्दा नै सिर्जनाका लागि विभिन्न जिल्लाका कलाकारलाई पटकपटक यहाँ तानेर ल्याउने गरेको स्थानीय कलाकार मनोज तामाङले बताउनुभयो ।

# घरमै परिचयपत्र पाउँदा खुसी छन् ज्येष्ठ नागरिक

पोखरापत्र संवाददाता

दमौली, ४ असोज

तनहुँको म्याग्दे गाउँपालिका–१ मान्हौका ६५ वर्षीया मधुमाया कामीले घरदैलोमा नै ज्येष्ठ नागरिक परिचयपत्र पाउनुभयो ।

गाउँपालिकाको कार्यालयसम्म पुगेर परिचयपत्र बनाउन नभ्याउनुभएका उहाँले घरदैलोमा नै ज्येष्ठ नागरिक परिचयपत्र पाउँदा खुसी लागेको बताउनुभयो । "गाउँपालिका जान भ्याएको थिइनँ, घरमै ल्याएर गाउँपालिकाले दियो", उहाँले भन्नुभयो, "स्थानीय सरकार घरमै आएजस्तो अनुभूति भयो ।" स्थानीय तह निर्वाचनका बेला उम्मेदवार घरघरमा आएर भोट मागेको सम्झिँदै उहाँले सेवा पनि घरदैलोमा नै आउँदा खुसी लागेको प्रतिक्रिया दिनुभयो ।

सोही ठाउँकी बुद्धिमाया कामीले पनि घरदैलोमा नै ज्येष्ठ नागरिक परिचयपत्र पाउनुभयो । "सिंहदरबारको अधिकार गाउँमा भन्ने त सुनेका थियौँ, आज त आफैँले घरदैलोमा सेवा पाउँदा साँच्चै हो रहेछ भन्ने अनुभूति भयो", उहाँले भन्नुभयो । सोही ठाउँका ओमबहादुर आलेले घरको डिजिटल नम्बर शिविरकै अवसरमा प्राप्त गर्नुभयो । उहाँले घरदैलोमा नै सेवा पाउँदा समयको बचतसँगै गाउँपालिकासम्म पुग्दा लाग्ने खर्चको पनि बचत भएको उल्लेख गर्नुभयो । जनतालाई घरदैलोमै सेवा दिने उद्देश्यसहित गाउँपालिकाले आइतबारदेखि एकीकृत घुम्ती शिविर सुरु गरेको छ । उक्त ठाउँका एक सयभन्दा बढीलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । "जनतालाई गाउँघरमै सेवा दिने उद्देश्यसहित गाउँपालिकाका सम्पूर्ण सेवा घरदैलोमै पुर्‍याउने प्रयास गरेका छौँ", उहाँले भन्नुभयो, "गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवा घरदैलोमा नै प्रदान गर्छौं ।" म्याग्देका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जनता सधैँ वडा र पालिकामा आउने नभई पालिका पनि जनताको घरमा जानुपर्छ भन्ने उद्देश्यसहित एकीकृत शिविर आयोजना गरिएको बताउनुभयो । "स्थानीय सरकार जनताको घरमा पुग्नुपर्छ भन्ने मान्यतासहित यो शिविर सुरु गरिएको हो, घरदैलोमा जाँदा आम जनतासँग साक्षात्कार पनि हुन्छ, समस्या पनि सुन्न पाइन्छ", उहाँले भन्नुभयो । घरदैलोमै गएर सेवा प्रदान गर्दा जनतामा खुसी छाएको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो । "हामी सधैँ जनताप्रति उत्तरदायी हुनुपर्छ", उहाँले भन्नुभयो । घुम्ती शिविरमार्फत कृषि, पशु, स्वास्थ्य, घरनक्सा, पञ्जीकरणलगायतका सेवा प्रदान गरिएको छ । विषयगत शाखाअन्तर्गतका योजना सम्झौता, सुझाव तथा परामर्श सेवा, स्वास्थ्य–आयुर्वेद शाखाअन्तर्गत सामान्य स्वास्थ्य परीक्षण, उपचार व्यवस्थापन, परामर्श तथा औषधि वितरण, क्षयरोग स्क्रिनिङ, मधुमेह, पोषण सेवा, भिआइए स्क्रिनिङ, कोभिड विरुद्धको खोप प्रदान गरिएको छ । कृषि शाखाअन्तर्गत हिउँदे बालीको बीउ वितरण, विषादी वितरण, फार्म दर्तासम्बन्धी आवश्यक कागजातको जानकारी, अनुदानसम्बन्धी जानकारी तथा माग सङ्कलन, पशु सेवा शाखाअन्तर्गत गोबर परीक्षण एवं औषधि वितरण, प्रशासन शाखाअन्तर्गत व्यवसाय दर्ता तथा विभिन्न विषयमा जानकारी प्रदान गरिएको छ ।

पञ्जीकरण शाखाअन्तर्गत विभिन्न किसिमका घटना दर्ता तथा सामाजिक सुरक्षासम्बन्धी सेवा, महिला तथा बालबालिका शाखाअन्तर्गत ज्येष्ठ नागरिक परिचयपत्र र अपाङ्गता परिचयपत्र वितरण, घरनक्सा शाखाअन्तर्गत निःशुल्क घर नम्बर प्लेट वितरण गरिएको छ । एकीकृत घुम्ती शिविर असोज २ देखि ४ सम्म वडा नं १ मा, असोज ५ र ६ गते वडा नं २ मा, असोज ७ देखि ९ सम्म वडा नं ३ मा, असोज ११ र १२ गते वडा नं ४ मा, असोज २७ र २८ गते वडा नं ६ मा र असोज ३० र ३१ गते वडा नं ७ मा सञ्चालन हुनेछ ।

# बन्दीपुरमा निर्माण हुँदै 'मिनी ग्रेटवाल'

पोखरापत्र संवाददाता

दमौली, ४ असोज

बन्दीपुर गाउँपालिका–२ स्थित थानीमाई मन्दिरबाट सुरु भई मुकुन्देश्वरीदेखि भञ्ज्याङ चौतारी बाघस्थलसम्मको 'मिनी ग्रेटवाल' निर्माण कार्य सम्पन्न भएको छ ।

चीनको जस्तै झझल्को दिने गरी निर्माण गरिएको मिनी ग्रेटवाल निर्माण कार्यमा हालसम्म रु ७४ लाख खर्च भइसकेको गाउँपालिका कार्यालयले जनाएको छ । बन्दीपुर गाउँपालिका कार्यालयले रु एक करोड खर्च गरी थालिएको मिनी ग्रेटवाल पर्यटकको पहिलो आर्कषण बन्ने विश्वास गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो । प्राकृतिक दृश्य अवलोकन र सुन्दरताका कारण 'पहाडकी रानी' उपनामले प्रसिद्ध कमाएको बन्दीपुरमा करिब दुई किलोमिटर दूरीको ' मिनी ग्रेटवाल' निर्माण गर्न लागिएको हो । कूल लागत रु सात करोड रहेकाले बहुवर्षीय कार्यक्रमअन्तर्गत योजनाअनुरुप निर्माण कार्य अघि बढाइएको उहाँले बताउनुभयो । नेपाल सरकारको रु चार करोड ५५ लाख र बन्दीपुर गाउँपालिकाको रु दुई करोड ४५ लाख साझेदारी रहेको सो गाउँपालिकाले जनाएको छ । उक्त विनियोजित बजेटले पर्खाल निर्माण गर्ने, पार्क, कफी शप, होटललगायत संरचना निर्माण गर्ने योजना छ । दुईतिर वाल लगाउने र बीचमा आर्कषक सिँढी निर्माण गरी दायाँबायाँ आर्कषण बत्ती जडान गर्ने योजना रहेको छ । मुकुन्देश्वरी डाँडा तत्कालीन राजा मुकुन्द सेनले शासन गरेको किंवदन्ती रहेको पाइन्छ । मिनी ग्रेटवालभित्र रहेको पदमार्गमा घोडाबाट र साइकलबाट सवार गर्न सकिने छ ।


प्रदेश सरकार

पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

घरेलु तथा साना उद्योग कार्यालय, कास्की

गण्डकी प्रदेश, पोखरा

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०६/०४

यस कार्यालयबाट मिति २०७३/११/०४ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १७ मा संचालन गर्ने गरी परेवाडाँडा ०३ लमजुङ निवासी मैया तिवारीको नाममा दर्ता भएको उद्योग दर्ता नं. १२३६२/०७३/०७४ को तिवारीज रेष्टुरेण्ट नामक फर्मका प्रोपाइटर मैया तिवारीले मिति २०७९/०६/०४ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुदाँ यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक वक्यौदा लगायत कुनै पनि पनि प्रकारको आर्थिक वक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**

**गण्डकी प्रदेश, पोखरा**


# पारिश्रमिकको तीस लाख सामाजिक संस्थालाई

पोखरापत्र संवाददाता

दमौली, ४ असोज

तनहुँ क्षेत्र नं १ बाट निर्वाचित सांसद कृष्णकुमार श्रेष्ठले पाँच वर्षमा पारिश्रमिकबापतको रु तीस लाख ९८ हजार सामाजिक सङ्घ संस्थालाई सहयोग गर्नुभएको छ ।

पारिश्रमिकबापतको रकम विभिन्न सङ्घ संस्था, खानेपानी, विभिन्न रोगबाट पीडित बिरामीलाई सहयोग गरेको श्रेष्ठले जानकारी दिनुभयो ।

"मैले चुनावको बेला नै पारिश्रमिक लिन्न भनेर वाचा गरेको थिएँ, सोही वाचा अनुसार आमा समूह, खानेपानी योजना, विद्यालय, विभिन्न रोगका बिरामीलाई उक्त रकम सहयोग गरेको छु," पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीसमेत रहनुभएका श्रेष्ठले भन्नुभयो ।


**हार्दिक श्रद्धाञ्जली**



जन्मः वि. स. १९९६/04/१५

स्वर्गारोहणः वि.स. २०७९/०५/२४

**स्वः डा. कुमार शमशेर राणा**

यस संस्थाका आजीवन सदस्य एवम् शुभचिन्तक तथा वि.स. २०२६ सालदेखि स्वास्थ्य क्षेत्रमा सेवा गर्दै आउनु भएका पोखराका अग्रज एवं प्रतिष्ठित **डा. कुमार शमशेर राणा**को ८५ वर्षको उमेरमा भएको असामयीक स्वार्गारोहणले हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**डा. यज्ञमान शाक्य**

**अध्यक्ष तथा**

**आनन्दित गृह नेपाल परिवार**

**पोखरा–१२, माटेपानी**